नेपाल सरकार

Government of Nepal

# कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

## Ministry of Agricultural, Land Management and Cooperatives

सिंहदरबार, काठमाडौं, नेपाल

Singhadurbar, Kathmandu, Nepal


AFACI Asian Food & Agriculture Cooperation Initiative

# एकिकृत बाली पात्रो - अदुवा खेती (Integrated Crop Calendar– Ginger)

| महिना | बैशाख | जेष्ठ | असाढ | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पुष | माघ | फाल्गुण | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हप्ता | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ | १ २ ३ ४ |
| मौसम | | | | | | | | | | | | |













अदुवा साना र बहुवर्षिय विरुवा हो । यसको जमिन मुनिको डाँठलाई स्वादको लागि दाल, तरकारी, चिया वा अचारका परिकारमा मिसाएर खाने गरिन्छ । यसमा विभिन्न प्रकारका औषधिय गुण पनि छ । अदुवाको खेती अन्तर बालीको रुपमा तरकारी र फलफुलसंग लगाउन पनि सकिन्छ ।

**हावापानी :**

अदुवाको लागि न्यानो र ओसिलो हावापानी चाहिन्छ । बाली अवधिमा १५०० - २००० मि .मि. वर्षा र २०-३० डि. से. तापक्रममा राम्रो सप्रिने र तापक्रम ३५ डि. से. भन्दा बढी भएमा बिरुवा घामले डढ्ने र वेस तापक्रम १३ डि.से. भन्दा कम हुँदा सुषुप्त अवस्थामा गई बढ्न नसक्ने हुँन्छ ।



**माटो :** प्रशस्त प्रांगारिक पदार्थ भएको मलिलो, पानीको निकासको व्यवस्था राम्रो भएको, राम्रोसंग हावा खेल्न सक्ने दुमट माटो अदुवा खेतीको लागि सबैभन्दा उपयुक्त मानिन्छ । तठस्थ भएको माटोमा खेती राम्रो हुन्छ ।

**जात :** सल्याने, इलामे, भोजपुरे, कपुरकोट अदुवा-१, सुभ्प्रभा, सुरुची, सुरभी, हिमगिरी, कालकिट, कोचिन, रियो डि जेनेरियो, जमैका आदि स्थान विशेषका नामले प्रचलित छन् ।

**जमिनको तयारी :** अदुवा खेतीको लागि १५ - २० से. मि. को गहिराईमा जमिनलाई दुई पटक खनजोत गरी, डल्लालाई धुलो बनाई, झारपात हटाएर भिरालो जग्गा भएमा माटो नबग्ने गरेर तेर्सो ड्याङ्गहरु बनाई आवश्यकता अनुसारको कम्पोष्ट मललाई जोत्नुपूर्व राखेर जग्गा तयार गर्नुपर्दछ र पानी नजम्ने व्यवस्था मिलाउनुपर्छ ।

**बीउदर :** अदुवाको ५० - ६० ग्राम वजनको बिउ २५० किलो प्रति रोपनीको दरले प्रयोग गर्नुपर्दछ ।

**बीउ गानोको छनोट :** अदुवाको बिउ गानो छनोट गर्दा निम्न कुराको बिशेष ध्यान दिनु पर्दछ :-

- बीउको श्रोत गानो कुहिने रोग नलागेको खेतको हुनुपर्ने,
- रोग तथा कीरा नलागेको स्वस्थ गानो हुनुपर्ने,
- कम्तिमा एउटा टुसा निश्चित रुपमा निक्लन सक्ने पोटिलो गानो हुनुपर्ने,
- गानोको आकार हेरी बिउ गानो ४० ग्राम देखि ६० ग्रामसम्मको हुनुपर्ने ।

**बीउ उपचार :** गानो कुहिने रोगबाट बचाउन १० लिटर पानीमा २५ ग्राम इन्डोफिल एम - ४५ (मान्कोजेब) र १० ग्राम बेबिस्टीन (कार्बान्डाजिम) मिसाई बनाएको घोलमा बिउ गानोहरुलाई एक घन्टासम्म डुबाउने, त्यसपछि छायाँमा सुकाउने र ओभाएपछि मात्र रोप्ने काम गर्नु पर्छ ।

**लगाउने समय :** फाल्गुन - चैत्र महिनाभित्र अदुवा लगाउन उपयुक्त समय मानिएको छ ।

**लगाउने तरिका :** अदुवा लगाउँदा एक हारदेखि अर्को हारको दुरी ३० से.मि. कायम गरी एक बोटबाट अर्को बोट ३० से.मि. टाढा राखी ७ - १० से.मि. गहिरो कुलेसोमा बिउ गानो रोप्नुपर्छ ।



अदुवा रोपेपछि टुसाएर जमिनको सतहमा आउन १ देखि ३ महिनासम्म लाग्नसक्छ । माटाको चिस्यान बचाई राख्न छापोको नितान्त आवश्यक पर्छ ।

**मलखाद :**

| क्र.सं. | मलखादको नाम | परिमाण (प्रति रोपनी) | प्रयोग गर्ने समय |
|---|---|---|---|
| १. | गोठ मल | ५० - ६० डोका | रोप्नु भन्दा २ हप्ता पहिले जोत्दा राख्ने । |
| २. | तोरीको पिना | १०० के.जी. | लगाउने समयमा |
| ३. | डी.ए.पी. | ५० के.जी. | जमिनको अन्तिम तयारी गरी रोप्ने समयमा |
| ४. | युरिया | ६.० के.जी. | आधा उम्रेको एक महिनापछि र बाँकी उम्रेको दुई महिना पछि |
| ५. | म्युरेट अफ पोटास | ४.० के.जी. | आधा जमिनको अन्तिम तयारीमा र बाँकी उम्रेको दुई महिना पछि |

**गोडमेल :** पहिलो पल्टको गोडमेल अदुवा उम्रेको एक महिनापछि र दोश्रो पल्टको गोडमेल अदुवा उम्रेको दुई महिनापछि गानोलाई असर नगर्ने गरी गर्नुपर्छ ।



**सिंचाई :** जमिन सुख्खा हुन गएमा चिस्यान हेरी आवश्यकता अनुशर १५ दिनको फरकमा स्प्रिन्क्लर बाट सिचाई दिनुपर्छ । अदुवाले पानी जमेको सहन नसक्ने हुँदा पानी निकासको उपयुक्त व्यवस्था मिलाउनु पर्दछ ।

**अदुवाको माउ/ब्रुनी निकाल्ने प्रविधि :** रोपेको ४ महिना पछि साउन भदौतिर रोपेको बिउ गानो (ब्रुनी) निकाल्दा बिरुवालाई पनि असर पर्दैन र अन्तिम उत्पादन पनि घट्दैन । स्वस्थ बीउ गानो रोपिएको छ भने लगभग ९० प्रतिशतसम्म माउ (ब्रुनी) फिर्ता निकाल्न सकिन्छ ।



**बालीचक्र :** प्रत्येक तीन वर्षमा एकपटक मात्र अदुवा लगाउनु पर्दछ ।

**अदुवामा लाग्ने रोग र किराहरू :**


**रोग :** अदुवा उत्पादनको प्रमुख समस्याका रुपमा रहेको गानो कुहिने/सुके सडन रोगको अतिरिक्त थोप्लेरोग, भण्डारण सडन आदि प्रमुख रुपमा लाग्ने गरेको पाइन्छ ।

**रोग व्यवस्थापन प्रविधि :**

- रोगरहित स्थानमा उत्पादन भएको स्वस्थ बीउलाई भण्डारण गर्नु अघि डाईथेन एम-४५ (०.२५%) ले र रोप्नुअघि डाईथेन एम-४५ (०.२५%) र बेविस्टीन (०.१%) ले बिउ उपचार गरी प्रयोग गर्ने ।
- तीन वर्ष बिराएर मात्र अदुवा लगाउने र अदुवा लगाउनु भन्दा अघिल्लो वर्ष कोदो वा घिउसिमी लगाउने ।
- पानी नजम्ने ठाउँको छनौट गर्नुको साथै निकासको उचित व्यवस्था गर्नुपर्ने ।
- अदुवा लगाउँदा १०० के.जी. प्रति रोपनी निम वा तोरीको पिना र २.५ - ३ के. जी. टिमुरको धुलोको प्रयोग गर्नुको साथै रोग सहने सक्ने जति जस्तै कपुरकोट अदुवा-१ लगाउनु पर्ने ।



**किराहरू :** अदुवामा मुख्य गरी खुम्रे किरा, रातो कमिला, गाने औसा लगायतका किराहरुले आर्थिक दृष्टिकोणले केही हदसम्म क्षति पुऱ्याएको पाइन्छ ।



साथै किराको सम्बन्ध गानो कुहिने रोगसँग पनि हुने हुँदा अदुवा लगाउँदा प्रति रोपनी ३ के.जी. का दरले क्लोरोपाइरिफस धुलो प्रयोग गर्दा राम्रो नतिजा पाइन्छ ।

**बाली भित्र्याउने :** अदुवाको लगभग ७५% सरा सुकेर ढल्न थालेपछि खन्न तयार हुने भएतापनि बजार भाउ राम्रो भएमा, हिउँदे बाली लगाउनु पर्दा वा क्यान्डी बनाउने प्रयोजनका लागि ६ महिनामा र सुठो तथा बीउ बनाउने प्रयोजनको लागि ८ - ८.५ महिनामा आधा सरा नढल्दै खन्नुपर्छ ।

**उत्पादन :** नेपालमा अदुवाको अधिकतम उत्पादन क्षमता ४० मे. टन प्रति हेक्टरसम्म पाइएको भएतापनि औसत राष्ट्रिय उत्पादकत्व ११.६८ मे. टन प्रति हेक्टर छ ।



**अदुवा भण्डारण :** अदुवालाई खनी सकेपछि भण्डारण गर्दा सुक्ने, चाउरिने र टुसा आई गुणस्तर घट्ने तथा कुहिएर नोक्सान हुने हुँदा सुरक्षित भण्डारणका लागि सावधानी अपनाउनु पर्दछ । यसलाई १२ - १४ डि.से. तापक्रम र ६५ - ७०% सापेक्षिक आद्रता भएको वातावरणमा ५/६ महिनासम्म सुरक्षित भण्डारण गर्न सकिन्छ ।



**सन्दर्भ सामग्री :**


(१) अदुवा उत्पादनको व्यवसायिक योजना २०७० - ७१, नेपाल सरकार, कृषि विभाग मन्त्रालय, कृषि विभाग, कृषि व्यवसाय प्रबर्द्धन तथा बजार विकास निर्देशनालय, कृषि व्यवसाय प्रबर्द्धन कार्यक्रम, हरिहर भवन, ललितपुर

(२) तरकारी खेती प्रविधि (Vegetable Farming technology), चैत्र-२०६८, नेपाल सरकार, कृषि तथा सहकारी मन्त्रालय, कृषि व्यवसाय तथा तथ्यांक महाशाखा, सिंहदरबार, काठमाडौं, नेपाल

(३) हाम्रो सम्पदा राष्ट्रिय मासिक (Hamro Sampada National Monthly), मसलावाली विशेषांक, वर्ष-१५, अंक-६, २०७२ साल कार्तिक ।



प्रकाशक: कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, AFACI/ATIN आयोजना, सिंहदरबार, काठमाडौं ।